प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

**Province Crisis Management Centre का निर्णयहरुः**

१. प्रदेश सरकार, प्रदेश विपद व्यवस्थापन परिषद र प्रदेश विपद व्यवस्थापन कार्यकारी समितिबाट हालसम्म भएका निर्णय र तिनको कार्यान्वयन अवस्थाको समिक्षा गरियो। प्रदेश सरकार र प्रदेश विपद व्यवस्थापन कोषबाट जिल्ला विपद व्यवस्थापन कोष तथा अन्य निकाय र संस्थाहरुलाई भएको सहायताको समुचित उपयोग गरी COVID-19 को रोकथाम, नियन्त्रण तथा उपचारमा केन्द्रित हुन अनुरोध गर्ने।

२. COVID-19 को प्रदेश स्तरीय एकिकृत सूचना प्रणाली विकास गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र सामाजिक विकास मन्त्रालयले समन्वयात्मक प्रबन्ध गर्ने। साथै यि मन्त्रालयहरुले आ-आफ्नो वेवसाइटमा COVID-19 को समग्र विवरण, सूचना तथा सचेतनामूलक सामग्री राख्ने।

३. COVID-19 को सचेतना व्यापक रुपमा जनसमक्ष पुर्‍याई समयमा स्वअनुशासित र मर्यादित रहन र जनसमुदायलाई सजग बनाउन सामाजिक विकास मन्त्रालयले सन्देशमूलक सूचना तथा जानकारी सम्प्रेषण गरी कोरोना भाइरसको संत्रासबाट बचावटको उपाय अवलम्बन गर्न लगाउने।

४. जिल्ला स्थित सरकारी तथा गैरसरकारी संस्थाहरु र स्थानीयतह समेतमा रहेका एम्बुलेन्सहरुको व्यवस्थापन गरी चालकहरुलाई निर्वाध सेवाप्रवाह गर्नका लागि सुरक्षा प्रबन्धका साथै मनोपरामर्श प्रदान गर्ने कार्य प्रमुख जिल्ला अधिकारीले मिलाउने।

५. औषधी र औषधीजन्य सामग्री तथा आवश्यक स्वास्थ्य उपकरणको व्यवस्थापन तथा आपूर्तिका लागि स्वास्थ्य निर्देशनालयलाई परिचलन गरी सामाजिक विकास मन्त्रालयले देहाय बमोजिम गर्नेः

   क. प्रदेशका लागि आवश्यक हुने स्वास्थ्य उपकरण तथा औषधीको आवश्यक योजना बनाउने,

   ख. प्रदेशबाट व्यवस्थापन हुन नसक्ने औषधी तथा थप स्वास्थ्य उपकरण उपलब्ध गराउन नेपाल सरकार समक्ष माग गरी पठाउने,

   ग. नेपाल सरकारबाट उपलब्ध हुने बाहेक र प्रदेशमा भएको व्यवस्थापनबाट समेत अपुग हुने औषधी तथा उपकरण खरिद गरी सुनिश्चित आपूर्तिको प्रबन्ध गर्ने।

६. जनशक्ति व्यवस्थापनको समुचित कार्ययोजना बनाई स्वास्थ्यकर्मीको अभावको कारण उपचार सेवा नपुगेको अवस्था आउन नदिने। यसका लागि नेपाल सरकार, स्वास्थ्य मन्त्रालय वा अन्तर्गतबाट निर्देशन भए अनुरुप व्यवस्थापन मिलाउने।

७. COVID-19 को रोकथाम, नियन्त्रण र उपचारका लागि सहज, असहज र असामान्य/विकराल अवस्थाका लागि पूर्व तयारी र सावधानी स्वरुप आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक बजेट व्यवस्थापनको पूर्व योजना गरी राख्ने।

८. प्रदेश विपद व्यवस्थापन कोषमा प्राप्त हुने आर्थिक सहायता तथा विभिन्न संघसंस्था तथा दातृ निकायबाट प्राप्तहुने वस्तुगत सहायता समेतको एकिकृत व्यवस्थापन तथा परिचालनको योजना आन्तरिक मामिला तथा कानून मन्त्रालयले सामाजिक विकास मन्त्रालय संगको समन्वयमा गर्ने।

प्रमुख सचिव

महेन्द्र बहादुर शाही
मुख्यमन्त्री

९. COVID-19 प्रभावित क्वारेन्टाइनमा रहेका, अस्पतालको विभिन्न उपचारमा रहेका र अन्य समुदायमा रहेका व्यक्तिहरुको एकिकृत तथ्यांक तथा सूचनाको व्यवस्थापन आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्ने।

१०. COVID-19 बाट प्रभावित, कोरोना संक्रमण पुष्टि भएका तथा संभावित विरामीहरुलाई थप उपचारका लागि तोकिएको अस्पतालसम्म पुऱ्याउनपर्ने अवस्थामा अस्पताल सम्म पुऱ्याउने र अस्पतालमा रहेका बिरामीलाई अस्पतालमै रहने व्यस्था मिलाउनका साथै COVID-19 को संक्रमणबाट बचाउन अस्पतालबाट घरमा पुऱ्याउनुपर्ने सामान्य विरामीलाई आवश्यक प्रबन्ध गर्न प्रमुख जिल्ला अधिकारीले सुरक्षा निकाय समेतको समन्वयमा आवश्यक प्रबन्ध गर्ने।

११. यस प्रदेशभित्र प्रवेश गर्ने नाकाहरुमा सुरक्षा व्यवस्थालाई थप कडाई गर्ने। नेपाल सरकारले घोषणा गरेको lockdown को व्यवस्थालाई प्रदेश भित्र पूर्णरुपमा कार्यान्वयन गर्ने गराउने।

१२. स्वास्थयकर्मी तथा सुरक्षाकर्मीको स्वास्थ्य सुरक्षा र संवेदनशिलतालाई उच्च प्राथिमकतामा राखी आवश्यक प्रबन्ध आन्तरिक मामिला तथा कानून मन्त्रालय र सामाजिक विकास मन्त्रालयले गर्ने।

१३. जिल्ला अस्पताल र अन्य स्वास्थ्य केन्द्रमा रहेका COVID-19 संक्रमित सघन उपचार कक्षमा राखी थप उपचार गर्नुपर्ने अवस्थाका बिरामीलाई तोकिएका विशिष्ट अस्पताल (Dedicated Hospital) मा पुऱ्याउन सुरक्षित र सुविधा सम्पन्न एम्बुलेन्सको प्रबन्ध सम्बन्धित अस्पतालले प्रदेश स्वास्थ्य निर्देशनालय, सम्मबन्धित अस्पताल र प्रदेश स्वास्थ्य निर्देशनालयको समन्वयमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीले मिलाउने।

१४. नेपाल रेडक्रस सोसाइटी लगायतका सामाजिक संघ संस्थाहरु परिचालन गरी क्वारेन्टाइनमा आवश्यक बन्दोबस्तीका सामान लगायतको प्रबन्ध समाजिक विकास मन्त्रालयले मिलाउने।

१५. कोरोना भाइरस संक्रमणका कारण हुनसक्ने सम्भावित मृत्युलाई दृष्टिगत गरी मृतकहरुको शव व्यवस्थापनका लागि प्रमुख जिल्ला अधिकारीले जिल्लामा सुरक्षा निकायको संलग्नतामा शव व्यवस्थापन गर्न व्यवस्था मिलाउने।

१६. वडातहमा समेत COVID-19 को रोकथाम, नियन्त्रण र उपचारका लागि वडा अध्यक्ष, वडा सदस्य, स्थानीय स्वास्थ्य संस्था र सुरक्षा निकायका प्रतिनिधि समेत रहने गरी वडास्तरीय संरचना स्थानीय पालिकाले तयार गरी स्थानीय/वडास्तरीय COVID-19 को विपद तयारी तथा प्रतिकार्य गर्ने। वडास्तरीय समितिले दक्ष जनशक्तिलाई स्वयंसेवकको रुपमा परिचालन गरी COVID-19 प्रभावित र संक्रमितको बसोबास, खानपान र स्वास्थ्य उपचार समेतको प्रबन्ध मिलाउने।

१७. वीरेन्द्रनगर खुलामन्चमा रहेको क्वारेन्टाइन व्यवस्थापनका लागि नेपाल सरकारले तोकेको मापदण्ड अनुरुपको जिम्मेवारी सम्बन्धित निकायले निर्वाह गर्ने। उक्त क्वारेन्टाइनको खानपिन र बन्दोबस्ती नेपाली सेनाले मिलाउने।

१८. COVID-19 को रोकथाम, नियन्त्रण र उपचार कार्यमा आवश्यक समन्वय तथा व्यवस्थापन, कार्यकारी कार्य, एकिकृत कार्य र स्वास्थ्य तथा उपचार सम्बन्धी कार्यका लागि देहाय अनुसार समिति गठन गर्ने,

प्रमुख सचिव

महेन्द्र बहादुर शाही
मुख्यमन्त्री

१८.१ **Crisis Management Executive Committee:**

(क) संरचना

| | |
|---|---|
| प्रमुख सचिव | -संयोजक |
| आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,सामाजिक विकास मन्त्रालयका सचिव | -सदस्य |
| प्रदेश सुरक्षा निकायका प्रमुखहरु | -सदस्य |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव | -सदस्य सचिव |

(ख) **Committee** का कार्यहरुः

- Integrated Operation Team बाट प्राप्त समस्याको समाधान खोज्ने।
- COVID-19 को रोकथाम, नियन्त्रण र उपचारमा सहयोगको लागि समन्वय र सहजिकरण गर्ने।
- आवश्यक पर्ने जनशक्ति, सेवा तथा आवश्यक वस्तुको आंकलन गरी व्यवस्था मिलाउने।
- Crisis Management Centre का लागि आवश्यक सूचना प्रदान गर्ने।
- आकस्मिक रुपमा आइपर्ने कार्यहरुमा समन्वय गर्ने तथा अनुगमन गर्ने

१८.२ **Integrated Operation Team:**

(क) संरचना

| | | |
|---|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय उपसचिव | - हेमबहादुर राना | -संयोजक |
| आन्तरिक मामिला तथा कानून मन्त्रालयका उपसचिव | - विनोद कुमार गौतम | -सदस्य |
| उत्तर पश्चिम पृतनाका प्रमुख सेनानी | -झुलेन्द्र विक्रम बस्नेत | -सदस्य |
| नेपाल प्रहरी, प्रदेश कार्यालय, निरीक्षक | - ओम प्रसाद पौडेल | -सदस्य |
| सशस्त्र प्रहरी बल, प्रदेश कार्यालय, सशस्त्र प्रहरी नायब उपरीक्षक | -खुम के.सी. | -सदस्य |
| सामाजिक विकास मन्त्रालय | -डा.लक्ष्मी नारायण तिवारी | -सदस्य |
| राष्ट्रिय अनुसन्धान कर्णाली प्रदेश कार्यालय, अनुसन्धान अधिकृत | श्री तिलक के.सी. | -सदस्य |

(ख) **Operation Team** का कार्यहरुः

- COVID-19 महामारी बारे प्रदेश भित्रका सुरक्षा निकाय, जिल्ला तथा स्थानीय तह र संघसंस्थाबाट प्राप्त सूचनालाई एकृकित गरी सूचना प्रवाह गर्ने।
- क्वारेनटाइन तथा स्वास्थ्य उपचारको अवस्थाबारे सूचना संकलन गर्ने।
- समस्याहरु समाधानको लागि आवश्यक राय सहित Crisis Management Executive Committee मा पेश गर्ने।

प्रमुख सचिव

महेन्द्र बहादुर शाही
मुख्यमन्त्री

- प्राप्त सूचनाको आधारमा रोकथाम, नियन्त्रण तथा उपचार गर्न योजना तर्जुमा गरी Crisis Management Executive Committee मा पेश गर्ने।

## १८.३ Health Action Team

**(क) संरचना**

१. संयोजक, श्री रीता भण्डारी जोशी, निर्देशक, स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत,

२. सदस्य डा. श्री डम्बर खड्का, मेडिकल सुपरीटेन्डेन्ट, प्रदेश अस्पताल,

३. सदस्य श्री बृषबहादुर शाही, प्रमुख, स्वास्थ्य सेवा महाशाखा, सामाजिक विकास मन्त्रालय,

४. सदस्य डा.श्री मंगल रावल, निर्देशक, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला

५. सदस्य डा. श्री के.एन.पौडेल, कन्सल्टेन्ट फिजिसियन, प्रदेश अस्पताल, सुर्खेत

६. सदस्य श्री चेतननिधि वाग्ले, बरिष्ठ जनस्वास्थ्य अधिकृत, जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत,

७. सदस्य श्री नरबहादुर कार्की, सामाजिक अभियन्ता

**(ख) Health Action Team का कार्यहरू**

- कर्णाली प्रदेशमा कोभिड-१९ का रोकथाम, नियन्त्रण तथा उपचारका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/विश्व स्वास्थ्य संगठनका अद्यावधिक निर्देशिका, SOP बमोजिम कार्यान्वयनका लागि प्रदेश तथा स्थानीय तहलाई प्राविधिक सहयोग उपलब्ध गराउने,
- Hub तथा Satellite Hospital लागि आवश्यक औषधि, उपकरण तथा अन्य सामग्रीहरूको निरन्तर आपूर्तिको व्यवस्थापनका लागि सम्बन्धित निकायमा समन्वय गर्ने,
- प्रदेशस्तरमा रहेको प्रयोगशालाको व्यवस्थापन तथा गुणस्तरको लागि सहजीकरण गर्ने,
- कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि प्रदेशका विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थाको अनुगमन गर्ने,
- बिभिन्न अस्पताल तथा स्थानबाट नमूना संकलन तोकिएको मापदण्ड अनुसार गर्नका लागि सहजीकरण गर्ने तथा कोभिड-१९ को दैनिक प्रतिवेदन (+Ve/-Ve Cases) हरूको सूचना अद्यावधिक गर्ने र परीक्षण गरिएका नमूनाको गुणस्तर नियन्त्रणमा सहजीकरण गर्ने,
- बिभिन्न अस्पतालबाट प्रदान गरिएको स्वास्थ्य सेवालाई थप गुणस्तरीय बनाउन चिकित्सक तथा स्वास्थ्यकर्मीहरूसँग निरन्तर समन्वय गर्ने,
- प्रदेश सरकारका माननीय मुख्यमन्त्री, सामाजिक विकास मन्त्री, सरोकार निकाय तथा नेपाली सेना तथा सुरक्षा निकायसँग आवश्यक समन्वय गर्ने,
- प्रदेश, जिल्ला तथा स्थानीय तहमा कोभिड-१९ नियन्त्रणका लागि रणनीतिक तथा नीतिगत तय गर्नका लागि सहजीकरण गर्ने,

प्रमुख सचिव

महेन्द्र बहादुर शाही
मुख्यमन्त्री

- महामारी फैलिएका खण्डमा तत्काल परिचालनका लागि प्रदेशबाट स्थानीयस्तरमा जानका लागि चिकित्सक सहित कम्तीमा ३ वटा टीम बनाई सामग्री सहित तयारी अवस्थामा रहनेगरी व्यवस्थापन गर्ने तथा जिल्लास्तरबाट टीम परिचालनका लागि समेत सहजीकरण गर्ने।

१९. जनसमुदायलाई आफ्नो परिवार वाहेक अरुसंग र आफ्नो परिवारको बाहिरबाट आएको सदस्यसंग समेत उचित भौतिक दूरी (Physical Distance) कायम राखी सुरक्षित बसाई तथा आफ्ना घरायसी दिनचर्यामा निरन्तरता दिनको लागि आव्हान गर्ने।

प्रमुख सचिव

महेन्द्र बहादुर शाही
मुख्यमन्त्री